नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

**विद्युत नियमन आयोगको अध्यक्ष र सदस्य नियुक्ति सिफारिस समितिको सूचना**

**प्रकाशित मिति : २०७८।११।२३**

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ५ बमोजिम विद्युत नियमन आयोगको रिक्त अध्यक्ष (एक) र तीन सदस्य (एक जना महिलासहित) पदमा नियुक्तिको लागि सोही दफामा तोकिए बमोजिम आवश्यक न्यूनतम योग्यता र अनुभव पूरा भएका इच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त ऐनको दफा ७ को उपदफा (१) बमोजिम गठित सिफारिस समिति समक्ष तपसिल बमोजिमका कागजात तथा विवरण सहित यस मन्त्रालयमा आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

१. विद्युत नियमन आयोग नियमावली, २०७५ को अनुसूची-१ बमोजिमको आवेदन (आवेदन साथ व्यक्तिगत विवरण, नोटरी पब्लिकबाट प्रमाणित शैक्षिक योग्यताका प्रति र कार्य अनुभवसम्बन्धी कागजात),
२. विद्युत नियमन आयोग नियमावली, २०७५ को अनुसूची-२ बमोजिमको स्वघोषणा,
३. कार्ययोजनाको ढाँचा र यस सम्बन्धी थप जानकारी सिफारिस समितिको सचिवालयबाट प्राप्त गर्न सकिनेछ ।
४. आवेदन पेश गरेका उम्मेदवारहरु मध्ये कार्ययोजनाको मूल्यांकनबाट छनौट भई संक्षिप्त सूचीमा परेका बढीमा ५ जना उम्मेदवारहरुलाई कार्ययोजना प्रस्तुतिको लागि इमेल वा एसएमएस वा टेलिफोनबाट सूचित गरिनेछ ।